पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.पा) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.) Lumbini Province, Nepal

पत्र संख्या:-/ Ref No. ०७९/८०
चलानी नं.:-/ Dispatch No : 2082

मिति: २०८०/०१/०७

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

**विषय: आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा।**

प्रस्तुत विषयमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण समितिको मिति २०८०/०१/०७ गतेको बैठकको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सत्र-२०७९ को बार्षिक परीक्षाको नतिजा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै नतिजा विद्यालयहरुले तपसिल बमोजिमको प्रक्रिया बाट डाउनलोड गरी हेर्न सकिन्छ।विद्यार्थीको नामथर, जन्म मिति लगायतको विवरण फरक परेमा सच्याउनको लागि विद्यालयको सिफारिस पत्र, जन्मदर्ताको प्रतिलिपि, प्रवेशपत्रको प्रतिलिपि सहित मिति २०८०/१/१५ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुपर्ने साथै प्रकाशित नतिजामा चित्त नबुझेका परीक्षार्थीहरुले पुनर्योगका लागि प्रति विषय रु २०० का दरले दस्तुर रकम बुझाई विद्यालयको सिफारिस सहित मिति २०८०/०१/१५ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिन सकिने जानकारी गराइन्छ।

**तपसिल:**

१. कुनै पनि इन्टरनेट Browser मा गइ iemis.cehrd.gov.np login गर्ने।
२. विद्यालयको IEMIS Code र Password राखी login गर्ने।
३. Manage Exam मा Click गर्ने।
४. School Level Marks मा Click गर्ने।
   Grade मा 8 र Year मा 2079 छनौट गर्ने।
५. View Ledger र View Certificate मा Click गरी डाउनलोड गर्ने।

प्रमोद्र यादव
शिक्षा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा, Website मा अपलोड गरिदिनुहुन।



CamScanner